# गाउँपालिका अध्यक्ष श्री तुल्सीराम पुन मगर ज्यूद्धारा
# दोस्रो गाउँसभाको तेश्रो अधिवेशनमा प्रस्तुत भएको

# आ.ब. २०८०/०८१ को
# वार्षिक नीति तथा कार्यक्रम

बंगलाचुली गाउँपालिका
कमिरेचौर, दाङ्ग
०७ असार २०८०

# बंगलाचुली गाउँपालिका

## आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम

"बंगलाचुली विकासको आधार:शिक्षा,कृषि,पर्यटन र पूर्वाधार "

**यस गाउँ सभाका अध्यक्षज्यू,**
**यस गाउँसभाका सदस्य ज्यूहरु,**

- सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालमा स्थापित स्थानीय सरकारको दोस्रो कार्यकालको लागि भएको निर्वाचन पछि हामी पहिलो वर्षको कार्यकाल पुरागरी दोस्रो वर्षमा प्रवेश गरेका छौं । यस अवसरमा म नेपालमा नागरिक सर्वोच्चता र लोकतन्त्रको स्थापना तथा मुलुकको समृद्धि र अग्रगमनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका राजनीतिक क्रान्ति,जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनलगायतका बलिदानीपूर्ण सङ्घर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, मुलुकमा राजनैतिक परिवर्तनको लागि विभिन्न समयमा नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरूसहित सम्पूर्ण नेपाली जनतामा हार्दिक कृतज्ञता व्यक्त गर्दछु।गत आर्थिक वर्ष २०७९/०८० मा बंगलाचुली गाउँपालिकाले पारित गरेका नीति तथा कार्यक्रम एवं बजेट कार्वान्वयन गर्नका लागि सहयोग गर्नुहुने यस गाउँपालिकाका सम्पूर्ण स्थानिय जनता, जनप्रतिनिधि, राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी,विभिन्न संघसंस्था लगाएत सबैमा धन्यवाद व्यक्त गर्दछु ।

- यहाँका जनता सामु गरेका प्रतिवद्धता अनुसार हामीले बंगलाचुली गाउँपालिकामानिर्वाचित भएपछि विकास,समृद्धीका लागि निरन्तर क्रियाशिल रहँदै आएका छौं । जसले यहाँका भौतिक,शैक्षिक,मानविय विकास गर्दै समृद्ध बंगलाचुली निर्माण गर्ने सपना पुरा हुनेमा म विश्वस्त छु । यसगरिमामय गाउँ सभामा आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदागौरवान्वित महसुस गरेको छु ।

- **"सबै मिलीजुली, हामी बनाउँछौं हाम्रो बंगलाचुली"** को दिर्घकालिन सोच हासिल गर्नबंगलाचुली गाउँपालिकामा हाल कार्यन्वयनमा रहेको प्रथम पञ्चवर्षिय योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरु कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक-सामाजिक रुपान्तरण सहितको समानुपातिक समावेशी विकास हाँसिल गर्ने दिशामा आगामी कार्यक्रमहरु केन्द्रित रहेका छन् ।

- दिगो विकास लक्ष्यहरु हासिल गर्दै वि.सं. २०८७ सम्म नेपाललाई उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरउन्नति गर्न नेपाल सरकारका कार्यक्रमहरुलाई स्थानीय तहमा स्थानीयकरण गर्दै लगिएको अवस्थामा नेपाल सरकार र प्रदेश सरकारका नीति, लक्ष्य, योजना तथा कार्यक्रमहरुलाई यस गाउँपालिकाका नीति, लक्ष्य, योजना तथा कार्यक्रमहरु मार्फत आन्तरिकीकरण गर्दै दिगो विकासका १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य हासिल गर्न यस गाउँपालिकाका विभिन्न योजना तथा कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।

- प्रस्तुत नीति तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा स्थानीय राजनीतिक दल लगायत सबै वर्ग, क्षेत्र, लिङ्ग, समुदाय, सरकारी तथा गैह्रसरकारी संस्था, पेशागत संघ,संगठन, नागरिक समाज, बुद्धिजीबीहरुबाट रचनात्मक र सृजनात्मक सल्लाह र सुझावहरु प्राप्त भएका छन् । प्राप्त सुझावहरु अत्यन्तै मननीय छन् । ती सुझावलाई समेट्ने प्रयत्न गरिएको छ ।नीति,कार्यक्रम तथा बजेट तर्जुमा गर्दा नेपालको संविधान, नेपालको दिर्घकालिन विकास लक्ष्य, नेपाल सरकारको नीति तथा कार्यक्रम२०८०, लुम्बिनी प्रदेश सरकारको आगामी आ.व.को लागि तर्जुमा भएको वार्षिक नीति, कार्यक्रम तथा बजेट,यस गाउँपालिकाका जनप्रतिनिधिले दिनुभएको सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु ।

* अब म आगामी वर्षको नीति कार्यक्रम तथा बजेटले राखेका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्दछु ।

**बजेटका उद्देश्यः**

क) स्वास्थ्य संस्थाहरुको सबलीकरण, गुणस्तरिय शिक्षा, खानेपानी र सरसफाईमा सबैको पँहुच मार्फत सामाजिक सशक्तिकरण र मानवीय विकास गर्ने

(ख) उपलब्ध प्राकृतिक स्रोत साधन, श्रम शक्ति, पूँजी र प्रविधिको परिचालनमा निजी, गैर सरकारी तथा सहकारी लगायतकाअन्य क्षेत्र संग समन्वय गरी कृषि, सहकारी, पशु विकास, घरेलु तथा लघु उद्यम र पूर्वाधार विकासका क्रियाकलाप मार्फतस्थानीय स्तरमा रोजगारी सिर्जना र गरिबी निवारण गर्ने,

(ग) विपद्व्यवस्थापन गर्दै वातावरण मैत्री विकास अवधारणा अवलम्वन गर्ने,

(घ)गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणका कार्यमा शुसासन र पारदर्शिताको प्रत्याभूति गराउने

**प्राथमिकताहरु–**

(क)) गुणस्तरियशिक्षा एवं शिक्षामा पहुँच विस्तार

(ख) स्वास्थ्य संस्थाहरुको क्षमता विकास

(ग) कृषि, पशु र लघु उद्यममा आधारित रोजगारी वृद्दि गरी अन्नवाली, दुध, मासु, फलफुल र तरकारीमा आत्मनिर्भर हुने,

(घ) सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना र गरिबी निवारण,

(ङ) वातावरण संरक्षण, विपद् व्यवस्थापन तथा जलवायू परिवर्तनका जोखिम न्युनीकरण,

प्रभावकारी सार्वजनिक सेवा र सुशासन प्रवर्द्धन, उल्लिखित उद्देस्यहरु हासिल गर्न नेपाल सरकार, प्रदेश सरकार तथा सम्वद्ध निकायहरु संग समन्वय र साझेदारी गरिने छ । उपलव्ध पूँजी, सीप र क्षमताको उपयोग गर्न सहकारी, निजी क्षेत्र र विकासका साझेदार संस्था संग सहकार्य गर्ने नीति लिइने छ ।

**सभाअध्यक्ष महोदय,**

अब म यस अघिका गाउँसभाका निति योजना वजेट र कार्यक्रमले यस गाउँपालिकाको समग्र बहुआयामिक विकास सार्वजनिक सेवा प्रवाह र समृद्धि तथा सुशासनका लागि चालिएका महत्वपूर्ण प्रयास र सो प्रयासबाट सिर्जित अवसरहरुलाई प्रस्तुत गर्न चाहन्छु।

## आर्थिक विकास

<u>कृषि पशु पक्षि विकास उद्योग वाणिज्य तथा पर्यटन</u>

- कृषि तर्फ अगुवा कृषकका लागि विभिन्न स्थलगत तालिम, कृषकका लागि विउविजन वितरण कार्यक्रम, वेमौसमी तरकारीको लागि किट वितरण फलफुल खेती पकेट व्यवस्थापन जस्ता कार्यक्रमहरु गरीएका छन्
- गाउँपालिका पशुसेवा शाखाका अतिरिक्त वडा नं १, २ र ८ मा पशुसेवा इकाइ स्थापना गरी वडा स्तरबाटै पशु सेवा प्रदान गरिदै आएको छ।
- समय समयमा पशु पक्षिमा आउने महामारी नियन्त्रणमा जोड दिइएको छ।
- गरिबी निवारण तथा लघुउद्यम विकास कार्यक्रममा विभिन्न किसिमका सिप विकास तालिमहरु(कटाइसिलाइ, साबुन बनाउने, चप्पल बनाउने) उद्यमीहरुका लागि स्तरोन्नती र प्रविधि हस्तान्तरणका कार्यक्रम गरीएका छन् ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत ८५ जनालाई १०० दिनको रोजगारी प्रदान गरीएको छ ।

## सामाजिक विकास

<u>स्वास्थ्य शिक्षा युवा तथा खेलकुद लैगिक समनता तथा समावेशीकरण तर्फ</u>

- आधारभुत स्वास्थ्य सेवा सर्वसुलभ र व्यवस्थित बनाउन सेवा करार तर्फका रिक्त भएका दरबन्दीमा कर्मचारी पदपुर्ती गरि सेवा प्रवाह व्यवस्थित गरिएको छ ।

- आधारभुत स्वास्थ्य केन्द्रमा र स्वास्थ्य चौकीमा आधुनिक सूचना प्रविधिमैत्री प्रतिवेदन प्रणाली लागु गर्न इन्टरनेट सेवा सुचारु गर्नका साथै अतिआवश्यक इलोक्ट्रोनिकल सामानहरु उपलब्ध गराइएको छ ।
- नियमित खोप तथा अन्य मानव स्वास्थ्य सुचकाङ्कमा वृद्धि भएको छ ।
- DHIS-२, ELMIS कार्यक्रमहरु सबै स्वास्थ्य संस्थामा विस्तार भएको छ ।
- हात्तीपाइले तथा दादुरा रुदेला जस्ता विभिन्न राष्ट्रिय अभियानहरु सफलतापूर्वक सम्पन्न भएका छन् ।
- सबै स्वास्थ्य संघसंस्थाहरुमा गुणस्तर सुधार प्रणालिका लागि स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई आफ्नो जिम्मेवारी तथा आधारभुत स्वास्थ्य केन्द्रको न्यूनतम सेवा मापदण्ड सम्बन्धि अभिमुखिकरण सम्पन्न भएको छ ।
- सम्पूर्ण विद्यालयहरुमा शिशु र कक्षा एक देखि अंग्रेजी माध्यमलाई जोड दिने निर्णय गरीक्रमश माथिल्ला कक्षामा विस्तार गर्दै लैजाने काम अगाडी बढेको ।
- यस पालिकाको सम्पूर्ण उच्च मा.वि. र मा.विहरुमा ICT कक्षाको स्थापना गर्ने काम सम्पन्न भएको र आ.विहरुमा पनि क्रमश स्थापना गर्ने काम भईरहेको ।
- स्थानिय पाठ्यक्रम निर्माण गरी कार्यान्वियन भईसकेको साथै शैक्षिक सुधार कार्य योजना निर्माण भएको ।
- शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रमहरु संचालन भईरहेको ।
- शिक्षा संगै खेलकुद विकासलाई पनि प्राथमिकता दिई विभिन्न खेलकुदका गतिविधिहरु संचालन भएको ।
- आवश्यकता अनुसार विद्यालय भवनहरु निर्माण कार्य जारी रहेको ।
- विभिन्न विद्यालयहरुको वालविकास कक्षाकोठा व्यवस्थापन र कार्य सम्पन्नको चरणमा रहेको छ भने तल्लो कक्षाका विद्यार्थीलाई स्मार्ट खरिपाटि वितरण कार्य सम्पन्न भएका।
- विभिन्न लक्षित वर्गका कार्यक्रमलाई वढी भन्दा वढी रचनात्मक तथा व्यवहारीक रुपमा कार्यान्वियन गरिएको ।
- सुकुम्वासी,भूमिहिन दलित तथा अव्यवस्थित वसोवासीहरुको लागि आयोग संग अनुमति लिई पुनः आवेदन फारम भर्ने काम सम्पन्न भएको र विवरणलाई अनलाईन फारम भर्नेकाम भएको र छिट्टैनै नापीको काम गरी निस्सा वितरणको काम अगाडी बढाईनेछ ।
- सहिद परिवार, जनयुद्ध तथा जनआन्दोलनका घाईते व्यक्ति र द्वन्दपिडित महिलाहरुलाई सम्मान गरीएको।
- सहकारी,व्यवसायिक तालिम र उत्पादनमुलक कार्यमा जोड दिईएको ।
- महिलाहरूका लागि डल तथा कुसुन बनाउने तालिम ८८ जनालाई दलितहरुका लागि हाउस वायरिङ्ग १५ दिने तालिम १२ जनालाई तालिम प्रदान गरीएको ।
- अपाङ्गता भएका व्यक्तिहरुका लागि सहायक सामग्री वितरण गरिनुका साथै जेष्ठ नागरिकहरुलाई सम्मान तथा वस्तुगत सहायता प्रदान गरिएको ।
- घाइते अपाङ्ग शहिद परिवारलाई सम्मान तथा नगद हस्तानतरण गरिएको ।
- जनजातीहरुका लागि मगरकला संस्कृती तथा नेतृत्त्व विकास सम्बन्धी तालिम प्रदान गरिएको ।

## भौतिक पूर्वाधार विकास

<u>सडक यातायात खानेपानी सिचाई विद्युतीकरण भवन निर्माण</u>

- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत थप ९०० घरधुरी संख्या सुचिकृत गराई पुरानो सूची संसोधन गरी बंगलाचुली गाउँपालिकामा रहेका खरको छानो भएका सम्पूर्ण घरहरुमा जस्ता पाताको छाना लगाईदिने कार्यको सुनिश्चितता गरिएको।
- गाउँपालिकावाट चालु आर्थिक वर्षमा मात्र ४५० घरधुरीमा गाउँपालिलिकावाट जस्तापाता वितरण गरी खरको छानो विस्थापन कार्य भएको।
- सडक तर्फ १२ किमि नयाँ ट्र्याक ओपन, भएको ७ किमि स्तरोन्नती र ७० किमि मर्मत सुधार भएको छ। खानेपानी तर्फ ५ वटा आयोजना निर्माण सम्पन्न भएका छन् । सिँचाई तर्फ २ वटा ठुला आयोजना निर्माणाधिन र ६ वटा निर्माण सम्पन्न भएका छन्।२ वटा स्वास्थ्य संस्थाहरु मर्मत सुधार र ५ वटा सिँचाई कुलो निर्माण भएका छन।
- विभिन्न सडक,झोलुङ्गेपुल,विद्यालय भवन,सिचाई पोखरी,कुलो,तटबन्ध,खानेपानी लगाएतका विभिन्न आयोजनाहरु निरन्तर अगाडि बढीरहेका ।
- ३३.केभिएको विद्युत सव स्टेसन वडा नम्वर - ३ बचेनीमा स्थापना हुने कामलाई तिव्र गतिमा अगाडी बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरिएको र २ वर्ष भित्रमा बंगलाचुलीका सम्पूर्ण स्थानमा विद्युत्तिकरण सम्पन्न गरिसक्ने योजना अगाडी बढेको ।
- एक घर एक धाराको कार्यक्रमलाई केन्द्र र प्रदेश सरकार संग समन्वय तथा सहकार्य गर्दै योजना निर्माण प्रक्रिया अगाडी बढाईएको ।

- सिमेन्ट उद्योगको स्थापना कालदेखि यस क्षेत्रका जनताले भोग्दै आएको धुलोको समस्यालाई समाधान गर्न विभिन्न चुनौतिहरुका विच तापा चोक देखि खानी क्षेत्र सम्म करिव ४ किलोमिटर सडक कालोपत्रे गराउने काम सम्पन्न भएको साथै घोराही-कमिरेचौर क्षतिग्रस्त कालोपत्रे सडकको पुनः कलोपत्रे गराउनका लागि पहल भईरहेको ।

**वातावरण विपद तथा प्रकोप व्यवस्थापनः**

- विगतमा आएको अविरल वर्षा र वाढीपहिरोमा परि क्षतिग्रस्त घरहरुको विवरण गृहमन्त्रालयको अनलाईन डाटा ईन्ट्री कार्यक्रममा करिव ३०० घरधुरी ईन्ट्री भएको र उक्त विवरण अनुसार पुननिर्माणको काम अगाडी वढ्ने वातावरण निर्माण गरिएको ।
- यस वर्षको असोज महिनामा आएको अविरल वर्षाले पालिकाभरिका सम्पूर्ण वाटोघाटो  तथा अन्य पूवाधार संरचनाहरुमा क्षति भएको अवस्थामा बजेट शंशोधनगरी विपद तथा प्रकोप व्यवस्थापनको कार्यमा समस्या हुन नदिई सम्पूर्ण मोटरवाटाहरुका साथै अन्य पूर्वाधार संरचनाहरु समयमै संचालन गर्न सफल ।
- विभिन्न प्रकोप तथा विपदमा परेका र कमजोर तथा अशक्त व्यक्तिहरुमध्य ६२ जनालाई राहत प्रदान गरिएको छ।
- जनताहरुका मागमा रहि  खानेपानी तथा नदि नियन्त्रण र तटवन्धका कार्य तदारुकताका साथ गरीएको छ ।
- नागरीक तथा पशु पक्षि र वालीनालीमा हुने प्रकोप तथा महामारी नियन्त्रणमा विशेष ध्यान दिइएको छ ।

**सार्वजनिक सेवा प्रवाह तथा संस्थागत विकास र सुशासन तर्फ**

- सम्पूर्ण सेवा प्रवाहको काम गाउँ कार्यपालिकाको कार्यालयबाट नै शुरुवात गरिएको।
- व्यापक छलफल र सल्लाह सुझाव लिई दुईवटै गाउँसभा निर्धारीत समयमै सम्पन्न तथा सर्वसहमतिका साथ निर्णय भएको ।
- सामाजिक सुरक्षा भत्ता वितरणको काम सम्वन्धित वडा कार्यालय तथा पायक पर्ने स्थानबाट वितरणको सुरुवात भएको ।
- वडाहरुलाई थप जिम्मेवारी प्रदान गर्दै वडा सचिवको अभाव हुने समस्यालाई समयमै समाधान गरिएको ।
- यस गाउँपालिकामा क्रियाशिल राजनीतिक दलहरुसंग समय समयमा मुख्य-मुख्य विषयहरुमा छलफल तथा परामर्श भईरहेको ।
- विभिन्न स्वास्थ्य शिविर,एकिकृत घुम्ति शिवीर संचालन तथा पशुहरुमा देखिएको भाईरल रोग(लम्फिस्किन डीजीज) को आवश्यकता अनुसार घरमै पुगेर सेवा प्रवाहको काम भईरहेको  र वडा स्तर सम्ममा पुगी सार्वजनिक सुनुवाई तथा समिक्षा गरीएको।
- न्यायिक समितिद्वारा समयमै सेवाप्रदान तथा अपाङ्गता परिचयपत्र वितरण र सहायता सामग्री वितरणका काम सम्पन्न ।
- कर्मचारीको मनोवल वढाउन र कार्यसम्पादन स्तर सुधार गर्न गाउँपालिका अन्तरगत कार्यरत सवै कर्मचारीहरुलाई  सकारात्मस सोच  कार्यालय तथा सूचना प्रविधि व्यवस्थापन सम्वन्धी तालिम प्रदान गरीएको
- राजश्व सुधार जनशक्ति विकास योजना भूउपयोग योजना  तथा केही  पूर्वाधार विकासका लागि डिपिआर तथा आईईई समेत गर्ने कार्य अन्तम चरणमा रहेका छन।

**सभाअध्यक्ष महोदय,**

राज्यको पुनर्संरचना संगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तीन तहका सरकारको हक, अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन् । संविधानले तोकेका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही संघ तथा प्रदेश नीति तथा योजना, स्थानीय तहको अधिकार क्षेत्र स्थानीय सरकार संचालन ऐन २०७४, अन्तर सहकारी वित्त व्यवस्थापन ऐन २०७४, प्रदेश अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७५, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७८, हाम्रो १ वर्षको अनुभवर यस गाउँपालिकाको आवश्यकता र सम्भावनाका आधारमा यस गरिमामय सभामा आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## आर्थिक विकास

**कृषि तथा पशुपालन तर्फ**

कृषि हाम्रो अर्थतन्त्रको प्रमुख आधार हो । ग्रामिण क्षेत्रमा अवस्थित बंगलाचुलीको समृद्धिको मुख्य आधार पनि कृषि नै हो । यस गाउँपालिका अन्तर्गतको अधिकांश भूभाग कृषि उत्पादनका लागि उपयुक्तसमेत छ । यसर्थ यस गाउँपालिकामा कृषिको विकासका लागि" **बंगलाचुली समृद्धिको अभियानःआत्मनिर्भर कृषि र किसान"** भन्ने नारामा आधारित भई निम्न नीतिहरु तय गरिएका छन् ।

- आधुनिक कृषि प्रणालिको विकासका लागि गाउँपालिकाकाले कम्तिमा १/१ जना पशु तथा बाली विज्ञसहित हरेक वडामा कृषि प्राविधिकको व्यवस्थागरिने छ ।
- गाउँपालिकाले उपलब्ध साधन स्रोतको सीमाभित्र रही कृषकहरुलाईउत्पादनमाआधारित अनुदान सहयोग उपलब्ध गराईने छ।

- पालिकाको वडाहरुमा वातावरण र भौगोलिक अनुकुलताको आधारमा 'एक वडा, एक उत्पादन' कार्यक्रमलाई अगाडि बढाइने छ । जस्तो टिमुरखेती , किबी खेती, कागती खेती, सुन्तला खेती तथा कफी खेतीको पकेट क्षेत्रको रुपमा गाउँपालिकाकै पहलमा अगाडि बढाइने छ ।
- कृषिजन्य उपजको बजारीकरणको समस्या हलगर्न सहकारी तथा कृषक समूहका माध्यमबाट बजारीकरणको व्यवस्था मिलाइने छ ।
- प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी मल, बीउविजनलगायत कृषि सामग्रीको समयमै पर्याप्त उपलब्धतालाई सुनिश्चित गरिनेछ।
- व्यावसायिक र आधुनिक खेती गर्न चाहानेसहकारी संस्था,कृषक समूहलाई निःशुल्क बीउ र कृषि औजार उपलब्ध गराउनुका साथै प्राविधिक सहयोग उपलब्ध गराइने छ ।
- विभिन्न मापदण्ड बनाई बार्षिकरुपमा गाउँपलिका अन्तर्गतका कृषकहरुबाट 'उत्कृष्ट किसान' छनौट गरी सम्मान गर्ने व्यवस्था मिलाइने छ ।
- परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण, व्यावसायिक, प्रतिस्पर्धात्मक र उच्च मूल्यमुक्त बनाउन आवश्यक नीतिगत, संस्थागत र जनशक्ति व्यवस्थापन गरी **प्राङ्गरिक गा.पा. को रुपमा विकास गर्ने नीति** लिइनेछ ।
- टुक्रे कृषि गतिविधिलाई निरुत्साहित गर्दै कृषि तथा पशुपालनको विस्तृत सम्भाव्यता अध्ययन गरी उत्पादन, भण्डारण, प्रशोधन, र बजारीकरणको एकीकृत कृषि विकास योजना निर्माण गरिनेछ।
- आधुनिक कृषि प्रणालिलाई आत्मसात् गर्दै माटो अनुसारको उत्पादन कार्यलाई प्रोत्साहित गर्न प्रादेशिक तथा संघीय सरकार र अन्य साझेदार निकायसँग समन्वय र साझेदारीमा माटो परिक्षण कार्यशाला संचालन गरिनेछ ।
- स्थानीय तहमा सार्वजनिक, सहकारी र निजी क्षेत्रको सहकार्यमा कृषि हाट बजार, कोशेली घरस्थापना तथा संचालन गर्न प्रोत्साहित गरिनेछ ।
- भूमिको उचित उपयोगका लागि जोखिम संवेदनशिल भू-उपयोग गुरुयोजना कार्यान्वयनमा ल्याइनेछ । भूमिको चक्लाबन्दीलाई प्रोत्साहित गरी व्यवासयिक करार खेती, सहकारी खेती र सामूहिक खेती गर्न उत्पेरित गरिनेछ ।
- व्यावसायिक एवम् उन्नत नश्लका पशुपन्छी, माछापालन, मौरीपालन र उच्च मूल्यका पशुपन्छीपालन व्यवसायलाई प्रोत्साहन दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सन् २०३० सम्म पी.पी.आर., खोरेत, रेबिज रोग नियन्त्रण तथा उन्मूलन गर्ने अन्तराष्ट्रिय लक्ष्यअनुसार भ्याक्सिन तथा औषधि यथा समयमै दिने पहल गरिनेछ ।
- व्यावसायिक पशुपालक किसानलाई निशूल्क पशुविमा गरिनेछ ।
- नगदेवाली कृषकलाई मल विउ विषादी प्राविधिक सहयोग निशुल्क गरिनेछ ।
- विभिन्न महामारी तथा विपद्को कारण उत्पन्न हुनसक्ने सम्भावित खाद्य संकट समाधान गर्दै खाद्य सुरक्षाको सुनिश्चितता गर्न अत्यावश्यक खाद्य उत्पादन, भण्डारण, वितरण र आपूर्तिको लागि समन्वय गरिनेछ ।
- सरोकारवाला र नियमनकारी निकायहरुसँगको समन्वयमा गुणस्तर परिक्षण र प्रभावकारी बजार अनुगमन गरी दैनिक उपभोग्य वस्तु तथा सेवाको सहज आपूर्तिको प्रबन्ध मिलाईनेछ ।

## सामाजिक विकास

**सभाअध्यक्ष महोदय,**

<u>स्वास्थ्य तथा सरसफाई तर्फ</u>

हरेक नागरिकको वृत्ति विकासका लागि स्वस्थ रहनु अनिवार्य छ । यसर्थ बंगलाचुली गाउँपालिकामा नागरिकको स्वास्य सेवाका लागि **स्वस्थ जीवन नागरिकको अधिकार, स्थानीय सरकारको मुख्य कार्यभार** भन्ने मूल लक्ष्य लिई आर्थिक वर्ष २०८०/०८१ का लागि स्वाथ्य तर्फ निम्न नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

- प्रत्येक वडामा रहेका आधारभूत स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकी मार्फत सुरक्षित मातृत्व,वाल पोषण, खोप जस्ता कार्यक्रमलाई प्रभावकारी बनाईने छ भने हाल रहेका स्वास्थ्य संस्थाहरुको आवस्यकता र औचित्यताका आधारमा स्तरोन्नती गरीदै लगीनेछ ।
- निःशुल्क उपलब्ध हुने अतिआवश्यक औषधिहरु स्वास्थ्य परीक्षण र आवश्यकताका आधारमा वितरण गरिने छ ।
- अतिविपन्न तथा मजदूरहरुका लागि परिचयपत्रका आधारमा निःशुल्क उपचारको ब्यवस्था मिलाइने छ ।
- वडा स्तरमा नागरिकको आकस्मिक स्वास्थ्य सेवालाई ध्यानमा राखी सुत्केरी एम्बुलेन्स सेवालाई विस्तार एवं व्यवस्थित गरीनुका साथै एम्वुल्न्स सञ्चलान तथा व्यवस्थापन लाई थप सुदृढ गर्दै लगिनेछ ।
- गाउँपालिका भित्र रहेका गर्भवती महिलालाई सुरक्षित रुपमा स्वास्थ्य संस्थामा नै आएर बच्चा जन्माउनका लागि प्रोत्साहित गरिनेछ । यसका लागि गाउँपालिकामा रहेको स्वास्थ्य शाखा मार्फत वडामा रहेका गर्भवती महिलाको सुची नियमित रुपमा अद्यावधिक गरी प्रोत्साहन गरिनेछ ।

- जनताको आधारभूत मौलिक हकको रुपमा रहर्को स्वास्थ्य सेवालाई सर्वसुलभ तथा गुणस्तरिय बनाई सबैको सहज पहुँच सुनिश्चित गरिनेछ ।
- अल्जाईमर, क्यान्सर, पर्किन्सन, मुटु, मिर्गौला, अटिज्म,स्पाइनली इन्जुरी, सिकलसेल, एमिनिया जस्ता दिर्घरोगबाट पीडित बिरामीको उपचारमा सहयोग गर्न उपचार सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बंगलाचुली अस्पताललाई विशेषज्ञ सहितको सेवा प्रवाह गर्ने अस्पतालको रुपमा विकास गर्न अस्पतालको क्षमता अभिवृद्धि गरी अत्यावश्यक थप पूर्वाधारको विकास तथा सुदृढिकरण गरिनेछ ।
- हाँसिपुर आयुर्वेद अस्पताल र  किमरेचौरमा रहेका आयुर्वेद इकाई मार्फत वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार गरिनेछ ।
- मातृ-शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम निरन्तरता दिइनेछ ।
- सबै बर्थिङ्ग सेन्टरलाई श्रोतसाधनसहित व्यवस्थित गरिनेछ । जोखिममा परेका गर्भवती तथा सुत्केरीको जीवन रक्षार्थ आएको गाउँपालिका प्रसुति पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पूर्ण सरसफाई अभियानलाई  थप व्यवस्थित गरीनेछ ।
- दुर दराजमा रही स्वास्थ्य उपचारमा उलेख्य योगदान गरेवापत सम्पूर्ण महिला स्वयंसेविकाहरुलाई प्राप्त हुँदै आएको सुविधामा निरन्तरतादिइनेछ ।
- जेष्ठ नागरिक घरदैलो कार्यक्रमलाई र ७० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई घरदैलो मै पुगी स्वास्थ्य जाँचको कार्यलाई निरन्तरता गरिनेछ ।
- कोरोना विरुद्धको खोप कार्यक्रम यस पालिकामा नेपाल सरकारको मापदण्ड अनुसार लक्ष्य हासिल गर्ने गरी खोप कार्यक्रम प्रभावकारी बनाईनेछ ।

## पूर्वाधार विकास

**सभाअध्यक्ष महोदय,**

**भौतिक पूर्वाधार तर्फ**

भौतिक पूर्वाधार विकासको पहिलो शर्त हो । यस गाउँपालिकामा भौतिक पूर्वाधारको विकासको लागि**"सडक र खानेपानी : गाउँपालिकाको मुख्य लगानी "** भन्ने नारा तय गरीनिम्न कार्यहरुलाई विशेष जोड दिईनेछ।

- हालसम्म पनि सडक पुग्न नसकेका वडाहरुमा  प्राथमिकताका साथ स्तरीय सडक निर्माण गरिने छ ।
- "एक घर,एक धारा " कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ । यसका लागि संघिय सरकार , प्रदेश सरकार संगको समन्वयमा खानेपानी आयोजना निर्माणको कामलाई निरन्तरता दिईने छ ।
- आवश्यकता पहिचान गरी संभावित सबै स्थानहरुमा लिफ्ट खानेपानी आयोजनालाई प्राथमिकता साथ अगाडि बढाइने छ ।क्रमागत रुपमा रहेका लिफ्ट खानेपानी आयोजनाहरु जति सक्दो छिटो कार्यसम्पन्न गरिने छ ।
- अरुद्ध हुने सडकलाई स्थानीय उपभोक्ताको सुझाव र सल्लाहअनुसार सडक निर्माण, सञ्चालन तथा मर्मत सुधार गरी  निरन्तर चल्न सकीने बनाउन विषेश ध्यान दिइनेछ ।
- संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा घोराही–मुर्कुटी सडक पुनः स्तरोन्नती गरी दिगो बनाइने छ भने यो सडकमा चल्ने सिमेन्ट उद्योगका टिप्परको लागि वैकल्पिक मार्गको व्यस्था गरिने छ ।
- संघ, प्रदेश र स्थानीय तहबाट निर्माण गरिने सबै सडकलाई एकिकृत सडक सञ्जालमा आवद्ध हुने गरी सुरक्षित भरपर्दो र गुणस्तरीय सडक पूर्वाधार विकास गर्न सडक तथा यातायात गुरुयोजना अद्यावधिक गरिनेछ ।
- गाउँपालिकाको महत्त्वका सडक तथा पुल,झोलुङ्गे पुल निर्माणको कार्यलाई एकीकृत आयोजनाको रुपमा पहल गरिनेछ ।
- विद्यालय, स्वास्थ्यचौकी, हाट बजार र बस्तीमा सहज पहुँच पुऱ्याउन आवश्यक स्थानहरुमा झोलुङ्गे पुल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- जटिल प्रकृतिका, आधुनिक उपकरण प्रयोग गरिने र दक्ष जनशक्ति आवश्यकता पर्ने खालका पूर्वाधार निर्माणका कार्यहरु ठेक्कामा लगाई समपन्न गरिनेछ। श्रममा आधारित कामहरु उपभोक्ता समिति मार्फत गर्न क्षमता विकासको तालिम सञ्चालन गरिनेछ।
- स्थलगत योजना सम्झौता कार्यलाई निरन्तरता दिदै प्रत्येक वडामा गठन हुने उपभोक्ता समितिहरुको दलित तथा महिला संयोजक कम्तिमा ३३% कायम गर्ने नीति लिइनेछ।
- खरको छानो विस्थापन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।संघीय सुरक्षीत नागरिक आवास कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरिने छ ।

- यस गाउँपालिकाको भित्री सडकको रुपमा रहेको वडा नम्बर २मर्पेस खाडा– पुरुङछेडा– फाँटा– बागी– काभ्रे–पन्त टोल– श्रिवारी–दाङबाङ– भुटनेटा हुँदै मुकुर्टी – घरीचौर-लाहापे – कोरईराले- विर्खे- बगरखुट्टी- ठुलोगैरा-झुन्डी – सालबास- हाँसीपुर – मुलाबारी-गहतेरा – जौलेवाद ( **बंगलाचुली गाउँपालिको रिङ रोड**)जोडने सडकलाई गाउँपालिकाको गौरवको योजनाका रुपमा विकास गरी नियमित गरिनेछ ।
- उपलब्ध पानीका स्रोतहरु खोला, सोता, झरना, जरुवा, सिमसार क्षेत्रको उचित संरक्षण गरिने छ ।
- गाउँपालिकामा यस अघि निर्माण भएका सडकहरुलाई स्तरोन्नती गर्ने तथा नियमित मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिईने छ ।

**सभाअध्यक्ष महोदय,**

<u>शिक्षा तर्फ</u>

संवैधानिक व्यवस्थाअनुसार माध्यामिक तहसम्मको शिक्षा स्थानीय तहको मातहतमा रहेको छ । गाउँपालिकामा शिक्षाको समग्र विकासका लागि सरकार,शिक्षक,अभिभावक,वालवालिका र सरोकारवाला सबैको साझा प्रयासबाट **" हामी सबैको इच्छा : विद्यार्थीलाई गुणस्तरिय शिक्षा"** भन्ने नारा तय गरी शिक्षामा सबैको पहुँच स्थापित गर्न निम्नाअनुसारको कार्यहरु गरिने छ ।

- विद्यालय जाने उमेर समूहका सवै बालबालिकाहरुलाई विद्यालय भर्ना गरी सवैको पहुँच सुनिश्चित गरिने छ ।
- सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालनमा जोड दिइने छ । घोकन्ते शिक्षा प्रणालीबाट सोच्ने, सोध्ने, गर्ने र सिक्ने शिक्षा प्रणालीको विकास गरिनेछ ।
- यस गाउँपालिका भित्र रहेका सम्पूर्ण सामुदायिक (सरकारी) विद्यालयहरुमा दरबन्दीअनुसारको बिषयगत शिक्षक परिपूर्ति गरिने छ ।
- यस गाउँपालिकाका सरकारी विद्यालयमा प्राविधिक धारतर्फको शिक्षालाई प्राथमिकताका साथ अगाडी बढाइनेछ । प्राविधिक धारतर्फको शिक्षामा खासगरी मजदूर,विपन्न ,सहिद, घाईते अपाङ्ग,वेपत्ता परिवारका जेहेन्दार छात्रछात्राहरुलाई बिशेष नीति बनाई प्राविधिक शिक्षाको अवसर प्रदान गरिने छ ।
- गाउँपालिकाभित्र विभिन्न सीपमूलक तालिम प्रदायक संस्थाहरु स्थापना कार्यलाई प्रोत्साहन गरिनेछ । उनीहरुसंग समन्वय गरी सरकारी सेवा तथा संस्थानका आयोगहरुमा प्रतिष्पर्धा गर्न चाहनेहरुका लागि तयारी कक्षा तथा विभिन्न पेशा ब्यवसायमा प्रवेश गर्नेहरुका लागि निश्चित संख्यामा निःशुल्क तालिमको ब्यवस्था गरिने छ ।
- सामुदायिक विद्यालयहरुलाई पूर्वाधार तथा सुविधासम्पन्न बनाउँदै शैक्षिक गुणस्तर बृद्धि गर्न गुरुयोजना निर्माण गरिने छ ।
- शिक्षालाई उत्पादन तथा जीवन जगतसँग जोड्न शिक्षकहरुलाई आवश्यक विषयगत तालिमको ब्यवस्था गरिने छ ।
- यस गाउँपालिकाभित्र जन्म भई विद्यालय तहसम्म अध्ययन पश्चात हाल गाउँपालिका बाहिर रहेर विज्ञता हासिल गर्नुभएका सफल व्यक्तिहरुलाई सम्पर्कमा ल्याई गाउँपालिकाको विकासमा आफ्नो विज्ञताको प्रयोग गर्न प्रोत्साहित गर्ने कार्यक्रम बनाइने छ ।
- यस गाउँपालिकाभित्र बाहिरबाट अनुसन्धानमा आउने चाहनेहरुलाई प्रोत्साहन गरिने छ । हरेक बर्ष फरक फरक शीर्षकमा अनुसन्धानकर्ता व्यक्ति वा संस्थासँगको सहकार्यमा अनुसन्धानका काम अगाडि बढाइने छ ।
- फरक क्षमता भएका बालबालिकाको शिक्षालाई अनिवार्य गर्न उपयुक्त ब्यवस्था गरिने छ ।
- सरकारी विद्यालयमा रहेको शिशु कक्षाहरुलाई सुविधासम्पन्न मन्टेश्वरी कक्षाका रुपमा क्रमश विकसित गरिनेछ ।
- प्रविधिमैत्री शिक्षण सिकाईलाई प्रोत्साहन र प्रबर्द्धन गर्न दक्ष र सीपयुक्त जनशक्ति उत्पादन गर्ने नीति लिइनेछ । यसका लागि नेपाल सरकार, प्रदेश सरकारसँगको सहकार्यमा प्राविधिक र स्वरोजगारमूलक शिक्षामा जोड दिइनेछ।
- विद्यालय शिक्षालाई गुणस्तरीय, वैज्ञानिक, व्यावसायिक, सीपमूलक र जीवनोपयोगी बनाउन सामुदायिक विद्यालयको क्षमता विकास तथा पहुँच विस्तार गर्ने नीति लिइनेछ ।क्रमशः अग्रेजी माध्यममा पठनपाठनको व्यवस्थालाई निरन्तरता दिईने छ।
- विद्यालय व्यवस्थापन समिति शिक्षक, अभिभावक बिच अन्तरसम्बन्ध कायम गर्ने कार्यलाई निरन्तरता गरिनेछ ।
- सामुदायिक शैक्षिक संस्थाको पूर्वाधार, स्थानीय पाठ्यक्रम लगायतका विषयमा समसामयिक सुधार गरी बैज्ञानिक, सिपमूलक तथा गुणस्तरिय शिक्षा प्रदान गर्न सैक्षिक सम्भाव्यता अध्ययन गरि योगनाबद्ध ढंगले कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।
- विद्यालयको पहुँच भन्दा बाहिर रहेका बस्ति तथा समूदायलाई लक्षित गरी आवश्यकता अनुसार वाल विकास केन्द्रहरु स्थापना तथा संचालन गरिनेछ । अपाङ्गता भएका व्यक्तिहरुको गुणस्तरीय शिक्षामा सहज पहुँचको सुनिश्चितता एवम् अपाङ्गमैत्री शिक्षण सिकाई प्रविधिमा सुधार गरिनेछ। गा.पा.ले निर्माण गर्ने पूर्वाधारहरु अपाङ्गमैत्री बनाइनेछ ।
- ज्येष्ठ नागरिक, एकल महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, परिवारबाट विस्थापित, असहाय र सामाजिक वञ्चितिकरण र वहिस्करणमा परेका वर्ग र समूदायको संरक्षण र पुनःस्थापना गरिनेछ ।

**सभाअध्यक्ष महोदय,**

**<u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा न्याय सम्पादन</u>**

हरेक नागरिकको सम्मानित जीवनयापन गर्ने नैसर्गिक अधिकार हो । यस परिप्रेक्ष्यमा महिला, बालबालिका, अपांग तथा जेष्ठ नागरिकहरु केन्द्रित निम्नलिखित कार्यक्रमहरु लागू गरिने छ ।

- गाउँसभा , गाउँकार्यपालिका अन्तरगतका विभिन्न समिति तथा स्थानीय उपभोक्ता समिति समेतमा महिलाको समानुपातिक प्रतिनिधित्व सूनिश्चित गरिनेछ । महिला माथी हुने विभेद प्रति शुन्य सहनशिलताको नीति लिइनेछ ।
- महिलाको आर्थिक आत्मनिर्भरताको तथा क्षमता अभिवृद्धि र सशक्तिकरणका लागि सीपमूलक तालिम, आय आर्जन र महिला अधिकार सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- लैंगिक र यौनिक हिंसा न्यूनीकरण सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ । घरेलु हिंसा, छुवाछुत जस्ता सामाजिक कुरिती हटाउन सचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको हरेक टोलमा बालक्लव र गाउपालिकामा वालसञ्जाल गठन गरी बालबालिकाको क्षमता विकास र सहभागिता सुनिश्चित गरिने छ । उनीहरुलाई वडा तथा नगरस्तरीय बाल सञ्जालमार्फत विभिन्न सिर्जनशील क्रियाकलापमा जोडिने छ । टोल, वडा र नगरका महत्वपूर्ण नीति निर्माणमा बाल प्रतिनिधित्व सुनिश्चित गरिने छ ।
- वालश्रमशोषण मुक्त गाउँपालिका घोषणाका लागि तयारी गरीदै लगीनेछ ।
- सामाजिक विभेद तथा जातीय छुवाछूत अन्त्यका लागि बनेको कानूनलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।
- न्यायिक समितिका पदाधिकारी तथा गाउँ कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ। पदाधिकारी, वडा सचिव, तथा सहायक कर्मचारीको लागि न्यायिक कार्यविधि ऐन तथा सो सँग सम्बन्धित विषयमा तालिम दिई न्यायिक निरुपणको व्यवस्था मिलाइनेछ।.न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्धाहरुको निष्पक्ष छानबिन गरी पिडित पक्षलाई न्यायको प्रत्याभुती हुनेगरी समयमै मुद्धा मामिलाको छिनोफानो गरिनेछ।
- मानव बेचविखन, घरेलु हिँसा, लागु औषध दुर्व्यसन जस्ता अपराधको मूल कारण पहिचान तथा निदान गर्न समुदायसँगको साझेदारीमा आवश्यक निगरानी तथा सचेतनामूलक कार्यक्रम, सामुदायिक प्रहरी एवम् सुधार केन्द्र संचालन गरी शान्ति, सुरक्षा र अमनचयनको वातावरण निर्माण गरिनेछ ।
- जातिय भेदभाव तथा छुवाछुत मुक्त गाउँपालिका बनाउन आवश्यक नीति तथा कार्यक्रम बनाई लागु गरिनेछ ।

<u>संस्थागत विकास तथा शुसासन तर्फ</u>

**यस गाउँपालिकामा सुशासन स्थापना गर्न भ्रष्टाचारमा शुन्य सहनशिलता रहने गरी निम्न नीति तथा कार्यक्रम तय गरेको छु ।**

- हामीले तिरेको कर हाम्रै विकासका लागि भन्ने अभियानका साथ गाउँपालिकाक्षेत्रका सबै आर्थिक क्रियाकलापहरूलाई करको दायरामा आबद्ध गरिनेछ । गाउँपालिकालाई आन्तरिक आयमा सुदृढगर्न राजश्व प्रणालीमा सुधार गरिनेछ । आन्तरिक आयवृद्धि गर्नका लागि राजश्वका/करका विभिन्न क्षेत्रहरूको पहिचान गरिनेछ । करको दरभन्दा पनि दायरा फराकिलो नागरिक मैत्री करनीति अङ्गीकार गरिनेछ ।
- चालु खर्चलाई मितव्ययी र वाञ्छित सीमाभित्र राखी पूँजीगत खर्चलाई प्राथमिकता प्राप्त क्षेत्रमा समयमै खर्च गर्ने प्रणालीको विकास गरिनेछ ।
- यस गाउँपालिका र अन्तरगतबाट प्रवाह हुने हरेक सेवालाई छिटो,छरितो,भेदभावरहित र पारदर्शी ढंगबाट प्रवाह गरिने छ ।
- गाउँपालिकामा स्थानीयको पहुँच स्थापित गरी गाउँपालिकावासीले आफ्नो गुनासो र परामर्श प्रत्यक्षरुपमा दिनसक्ने गरी बंगलाचुली गाउँपालिकाको आफ्नै रेडियो **"रेडियो बंगलाचुली",गाउँपालिकाको फेसबुक पेज,वेभसाईट मार्फत** तत्काल गुनासो सुनुवाइ लाई निरन्तरता दिइनेछ ।
- वडास्तरीय योजना निर्माण, सम्झौता र कार्यान्वयन वडाबाटै हुने ब्यवस्था मिलाइने छ ।
- गाउँपालिकाको विभिन्न स्थानमा प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम तथा समिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- गाउँपालिकाबाट प्रदान गरिने सेवा, सुविधा,तालिम,सहयोग आदिको नियमित तथ्याङ्क अभिलेखिकरण गरिने छ ।
- सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, चुस्त सरल, पारदर्शि र प्रभावकारी बनाई आम नागरिकको गाउँपालिका प्रति अपनत्त्व र विश्वसनीयता बढाउन सार्वजनिक प्रशासनको नीतिगत, कानुनी, संस्थागत एवम् मनोव्यावहारिक पक्षमा सरलीकरण गरी निरन्तर सुधार गर्दै लगिनेछ ।
- स्थानीय सेवालाई व्यावसायिक, गुणस्तरीय, नागरिक केन्द्रित, परिणाममुखी र समसामयिक बनाउन स्थानीय सेवा सम्बन्धी आवश्यक कानून निर्माण गरिनेछ ।
- सरकारका निकायहरुको आन्तरिक नियन्त्रण प्रणाली तथा सेवा प्रवाहको मापदण्ड लागु गरिनेछ ।

- स्थानीय तहका पदाधिकारी तथा कर्मचारीको क्षमता विकासका विभिन्न कार्यक्रमहरु सञ्चालन गरी सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी बनाइनेछ ।
- वडा नं १ र २ तथा ५ र ६ लाई पायक पर्ने स्थानहरुमा प्रहरी विट स्थापना गर्न चालिएका कदमहरुलाई निरन्तरता दिइनेछ ।
- व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमलाई थप व्यवस्थित, प्रविधिमैत्री गराउन व्यक्तिगत घटना दर्ता तथा पञ्जिकरण सुदृढिकरण कार्यक्रमलाई साझेदारी गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वडा तथा केही स्थानमा टोल स्तरवाट वितरण गरी आएको कार्यलाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ । त्यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
- गाउँपालिका तथा अन्तरगतवाट प्रदान गरीने सार्वजिनक सेवा जस्तै व्यावसाय दर्ता नविकरण कर संकलन अपाङ्गता परीचयपत्र तथा जेष्ठ नागरीक परीचयपत्र वितरण कार्यलाई डिजीटाजेशन गर्ने व्यवस्था गरीनेछ ।

<u>सूचना संचार तथा प्रविधि तर्फ</u>

- गाउँपालिकाले संचालन गरेको**"रेडियो बंगलाचुली ९१.७ मेगाहर्जलाई"** थप व्यवस्थित, प्रभावकारी,बनाईने छ ।साथैसेवामैत्री,जनमैत्री र सूचनामैत्री बनाउदै लगिने छ ।क्रमशः आत्मनिर्भर बनाउने लक्ष्य लिइएको छ ।
- जिल्लामा रहेका अन्य संचार माध्यमहरुसंग सहकार्य गर्दै बंगलाचुली गाउँपालिकालाई मिडियामैत्री गाउँपालिकाकोरुपमा विकास गरिने छ । संचारकर्मीको क्षमता विकासका लागि तालिम तथा अन्य विविध कार्यक्रमहरु संचालन गरिनेछ ।
- अध्ययन अनुसन्धान तथा तथ्यमा आधारित नीति, कार्यक्रम तथा योजना छनौट एवम् निर्माण गर्न आवश्यक पर्ने आधारभूत तथ्याङ्क सङ्कलन प्रशोधन भण्डारण र उपयोगका लागि समुचित व्यवस्था गरिनेछ।
- यस गाउँपालिका भित्र टेलिफोन सेवा नभएका गाउँ वस्तिमा संचार पहुँच विस्तार गर्न गरी नेपाल टेलिकम संग समन्वय गरी टेलिकम टावर विस्तार गरिने छ । साथै गाउँपालिका केन्द्र तथा मुख्य बजार क्षेत्रहरुमा ल्याण्डलाईन फोन विस्तारका लागि पहल गरिने छ ।
- बंगलाचुली गाउँपालिकालाई विद्युतिय शासन प्रणालीमा विकास गर्दै लगिने छ ।

<u>उद्योग ,वाणिज्य,पर्यटनतथा रोजगारी तर्फ</u>

बंगलाचुलीको समृद्धिको मुख्य आधार उद्योग तथा पर्यटन हो । उद्योग तथा पर्यटनको विकास मार्फत समृद्धिको अभियानलाई अघि बढाउन **"बंगलाचुलीको धनः उद्योग,वाणिज्य र पर्यटन "** भन्ने नारामा आधारित भई यस गाउँपालिकामा निम्न नीति तथा कार्यक्रम तय गरिएको छ ।

- बंगलालचुली गाउँपालिकामा घरेलु तथा साना उद्योगहरुको स्थापना र सञ्चालन गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- गाउँपालिकामा ‘एक घर एक रोजगारी’ कार्यक्रम अगाडि बढाइने छ । रोजगारी श्रृजना गर्न स्वरोजगार मुलक काम लगाईनेछ ।
- एक वडा, एक लघुउद्यम विकास कार्यक्रम निरन्तरता गरिनेछ ।
- यस गाउँपालिकामा रहेको प्राचिन महत्व बोकेको गढीलेक,उजा वागेश्वरी मन्दिर र ल्वाँगे भत्कुले सामुदायिक वन क्षेत्रमा पर्यटन विकासका लागि भौतिक पुर्वाधारको विकास गरिनेछ ।भने अन्य वडा नम्वर २,५, र ८ मा रहेका धिमधिमे पर्यटकिय क्षेत्र, बंगलाचुली पार्क, र रानीथुम्की पर्यटकिय क्षेत्रको प्रबर्द्धन गरिनेछ ।साथै विभिन्न प्रचिन गुफाहरुलाई पनि प्रवर्दन गर्दै लगिने छ ।
- स्थानीय कच्चा पदार्थ प्रयोग गरी सञ्चालन गरिने नवप्रवर्द्धन एवम् सिर्जनशील उद्यमशिलतालाई प्रोत्साहन गर्न लघु उद्यम विकास कार्यक्रम मार्फत नयाँ उद्यमी सृजना र सिर्जित उद्यमीहरुको स्तरोन्नतीसँगै आवश्यक सिप तथा वस्तुगत सहायता प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- स्थानीय ज्ञान, सिप, श्रोत, साधन तथा परम्परागत एवम् आधुनिक प्रविधि उपयोग गर्दै उत्पादन एवम् उद्यमशीलतालाई प्रबर्द्धन गरी युवाहरुलाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने नीति लिइनेछ ।
- स्थानीयस्तरमै न्यूनतम रोजगारी एवम् जीविकोपार्जनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम, गरीवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम निरन्तरता दिइनेछ ।
- स्थानीय कच्चा पदार्थमा आधारीत निर्यातमूलक उद्योग तथा व्यवसायहरुको स्थापना, विकास, विस्तार, प्रवर्द्धन तथा रोजगारी सिर्जना गर्दै आत्मनिर्भर एवं दिगो स्थानीयआर्थिक विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- युवा तथा लक्षित वर्गलाई स्वदेशमै स्वरोजगार बनाउन होम-स्टे सञ्चालन, औद्योगिक जनशक्ति विकास एवम् उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- बंगलाचुलीको जडिबूटी अल्लो, लोक्ता, बाबियो, केतुकी,टिमुर, दालचिनी, सुगन्ध कोकिला(मालागेडी), समायो र गडिरे आदि जस्ता स्थानीय कच्चा पदार्थको विकास तथा प्रबर्द्धनको लागि सार्वजनिक-निजी साझेदारीमा विकास गरिनेछ ।
- यस क्षेत्रका चुनढुङ्गा खानीहरुलाई व्यवस्थित तबरले संचालन गर्न विभिन्न Exit Point हरुमा धर्मकाँटा राखी सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिकामा अर्थतन्त्रलाई चलायमान बनाउन आन्तरिक पर्यटनलाई स्थानीय रोजगारी र आयआर्जनको आधारको रुपमा विकास गर्न बंगलाचुली गाउँपालिकालाई आकर्षक गन्तब्यको रुपमा विकास गर्ने नीति लिइनेछ ।

- गाउँपालिका भित्र रहेका धार्मिक मठ मन्दिरहरुको जीर्णोद्धार, संरक्षण र प्रवर्द्धन गर्दै अन्य पर्यटकीय क्षेत्र उचित व्यवस्थापन तथा स्ञचालनको कार्यलाई सुदृढ गरिने छ ।
- गाउँपालिका भित्र रहेका पर्यटकीय स्थलहरुको प्रोफाइल तयार पारी पर्यटनको विकास गर्नका लागि गुरुयोजना निर्माण गरिनेछ । साथै कार्यविधी तयार गरि पारदर्शी र व्यवस्थीत गरिने छ ।
- उद्योग वाणिज्य संघ, यातायात, पत्रकार, ब्यवसायी तथा होटल ब्यवसायीसँग सहकार्य गरी स्थानीय पर्यटकीयस्थलहरुको प्रचारप्रसार गरिने छ ।
- स्थानीय कला संस्कृतिलाई पर्यटन प्रवद्र्धनसँग जोडिने छ ।
- गाउँपालिका भित्र उपयुक्त स्थानहरुका छनौट गरी कला, संस्कृति र स्थानीय मौलिकतामा आधारित होम स्टे सञ्चालनका लागि स्थानीयलाई प्रोत्साहन गर्ने खालका कार्यक्रमहरुलाई ल्याइनेछ । त्यस्ता होम स्टे सञ्चालन गर्दा गाउँपालिकाले संरक्षकका रुपमा भुमिका निर्वाह गर्नेछ ।
- यस गाउँपालिकामा उद्योगहरुको स्थापना, सञ्चालन र सम्बद्र्धनका लागि गाउँपालिकाले अभिभावकत्वको भूमिका निर्वाह गर्नेछ ।उद्योग मैत्री वातावरण निर्माण गरी उद्योग लगाएत उत्खनन् भईरहेका खानीहरुलाई व्यवस्थित गरिने छ। त्यी उद्योगहरुलाई गाउँपालिका प्रति उत्तरदायी बन्ने वातारण बनाईने छ ।

**सभाअध्यक्ष महोदय,**

<u>कला संस्कृति संरक्षण तर्फ</u>

बंगलाचुली गाउँपालिकाले स्थानीय कला संस्कृति र सम्पदाको संरक्षणका लागि **"स्थानीय कला संस्कृति मौलिक पहिचान, गाउँपालिकाको अभियान " भन्ने** नारा तय गर्दै निम्न कार्यहरु गरिनेछ ।

- यस गाउँपालिकामा रहेका परम्परागत कला साहित्य संस्कृति र संस्कारहरुको जगेर्ना गर्न सास्कृती संरक्षण महोत्सव सञ्चालन गरीनेछ ।
- गाउँपालिकामा रहेका कलाकार, साहित्यकारहरुको पहिचान गरी उहाँहरुको वृत्तिविकासमा विशेष ध्यान दिइनेछ । सर्जकहरुलाई नियमित सम्मान र पुरस्कारको ब्यवस्था गरिने छ । स्थानीय मौलिक तथा लोपोन्मुख झाँकी, गाथा, वाद्यवादन, नृत्यलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न प्रशिक्षणका साथै विभिन्न विधाका कार्यशाला र प्रतियोगिताहरु सञ्चालन गरिने छ । हरेक वर्ष कला उत्सवको आयोजना गरिने छ ।
- गाउँपालिका पुस्तकालय ब्यवस्थापन तथा सिर्जनात्मक गतिविधिमा आवश्यक सहयोग उपलब्ध गराइने छ ।
- बर्षेनी साहित्यकार तथा सर्जकहरुलाई पुरस्कार र सम्मान गर्ने कार्यक्रम बनाइने छ ।

**सभाअध्यक्ष महोदय,**

<u>युवा तथा खेलकुद तर्फ</u>

युवाहरु देश परिवर्तनको संवाहक हुन् । तसर्थ **स्वस्थ जीवन र अनुशासनका लागि खेलकुद** भन्ने नारा सहित यस गाउँपालिकाले युवाकेन्द्रित निम्न कार्यक्रमहरु अगाडि बढाउने छ ।

- युवा नेतृत्व तथा क्षमता विकासका लागि युवाकेन्द्रित कार्यक्रम बनाइने छ ।
- खेलकुदका माध्यमबाट युवाहरुलाई अगाडी बढाउन बंगलाचुली कप खेलकूद प्रतियोगितालाई निरन्तरता दिईने छ ।
- वडा तथा टोलस्तरमा विभिन्न विधाका खेलकूद क्लबहरुलाई खेल आयोजनाका लागि प्रोत्साहन गर्न मापदण्ड बनाएर सहयोग गर्ने कार्यक्रम बनाइने छ।हरेक वडामा खेल मैदान र खेलकुद प्रतियोगीता सञ्चालनको व्यवस्था गरिने छ ।
- लागु औषध दुर्वेसनलाई नियन्त्रण तथा निरुत्साहित गर्न युवा क्लवहरुसँगको सहकार्यमा सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।साथै वढ्दै गईरहेको महिला हिँसा,घरेलु हिँसार यौनजन्य हिँसाको न्यूनिकरण तथा युवाहरुलाई दुर्वेसन बाट टाढा राख्न युवा तथा किशोर किशोरीका लागि आत्मरक्षा,मनोरामर्श र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वियनमा ल्याईनेछन् ।
- नागरिकको श्रम प्रति सम्मान, सामुदायिक कार्यमा स्वयंसेवा गर्न स्वःस्फूर्त रुपमा तयार हुन उत्प्रेरित गर्न श्रममूलक कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी रुपमा संचालन गरिनेछ ।
- गाउँपालिकामा खेलकुदको समग्र विकास तथा उत्कृष्ट खेलाडी उत्पादन गर्न विद्यालय तह देखि नै खेलाडीहरुको पहिचान र विकास गरिने छ ।

**<u>उर्जा तथा विद्युतिकरण तर्फ</u>**

**यस गाउँपालिका क्षेत्रभित्र पूर्ण विद्युतीकरणका लागि उच्च प्राथमिकताका साथ निम्नलिखित कार्यक्रमहरु अगाडि बढाइने छ ।**

- आगामी दुईवर्ष भित्र यस गाउँपालिकाको सम्पूर्ण स्थानलाई विद्युत्तिकरणमा जोडिने छ ।
- बंगलाचुली गाउँपालिकाको बचेनीमा निर्माणाधिन ३३.केभिएको विद्युत सव स्टेसनको काम सम्पन्न गर्नका लागि निरन्तर पहल,समन्वय र सहकार्य गरिने छ ।
- न्यून भोल्टेजको समस्या भएका स्थानहरुमा विद्युत प्राधिकरणसँग सहकार्य गरी थ्रीफेज तार र ट्रान्सफर्मर जडान गरी समस्या समाधान गरिने छ ।
- राष्ट्रिय विद्युत प्रसारण सञ्जालमा हालसम्म नजोडिएका दुर्गम गाउँहरुलाई जलविद्युत, सौर्य उर्जा, बायोग्यास, वायु उर्जा लगायतका वैकल्पिक उर्जामार्फत विद्युतिकरणका लागि एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

## वातावरण तथा विपद व्यवस्थापन

**सभाअध्यक्ष महोदय,**

**<u>जल ,वन ,वातावरण तथा सरसफाई तर्फ</u>**

जीवनका लागि पानी नभई नहुने तत्व हो । अहिले पनि यस गाउँपालिकाभित्र धेरै स्थानमा पिउने पानीको उचित व्यवस्था हुन सकेको छैन । पशु चौपायलाई पानीको ठूलो अभाव छ ।यसका लागि **" पर्याप्त र स्वच्छ पानी , गाउँपालिकाको लगानी " भन्ने नारा तय गरी पानीमा लगानी वृद्धि गरिने छ ।** जसका लागि निम्न कार्य अगाडि बढाइने छः

- वन व्यवस्थापन, वन पैदावार, जडिबुटी तथा जैविक विविधताको दिगो संरक्षण गरी रोजगारी श्रृजना र हरित अर्थतन्त्रको विकासमा वन क्षेत्रको उपयोग गरिनेछ ।
- सामुदायिक वनलाई आयमूलक रुपमा विकास गरी आय र योजना तर्जुमा प्रक्रियामा आवद्ध गरिनेछ ।
- विभिन्न संघ सँस्था तथा टोल विकास सँस्था, सामुदायिक वनहरुको सहभागितामा भू– क्षय तथा विपदलाई मध्यनजर गरी बृक्षारोपण र तारवार गर्ने गरी व्यवस्था मिलाइनेछ। जीविको पार्जनका लागि वनजंगलको अवधारणालाई सार्थक तुल्याउन गाउँपालिकाभित्र रहेका सामुदायिक वनमा नकारात्मक प्रभाव नपर्ने गरी कार्ययोजना बनाइ सामुदायिक तथा निजी क्षेत्रको लगानीमा फन पार्क, रिसोर्ट र पिकनिक स्थलको स्थापना गरी सञ्चालन गर्ने नीति लिईएको छ।

**सभाअध्यक्ष महोदय,**

**<u>भूमि तथा विपद व्यवस्थापन तर्फ</u>**

- भूमि सम्बन्धी समस्या समाधान आयोगको नीति अनुरुप भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासीलाई पहिचान, लगत सङ्कलनगरी प्रमाणिकरण गराई लालपूर्जा वितरण गर्ने कार्यलाई अगाडि बढाईनेछ ।
- गा.पा. को भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै विपद् व्यवस्थापनका लागि स्थानीय तह, सुरक्षा निकाय र संघसंस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाइनेछ साथै विपद् ब्यवब्थापन कोषमा पर्याप्त बजेटको ब्यवस्था गरिनेछ।
- विपद् जोखिम नक्साङ्कन तथा प्रतिकार्य योजनामार्फत नेपाल सरकार, प्रदेश सरकार र गा.पा. तह तथा अन्तराष्ट्रिय संघ/संस्था र निजी क्षेत्रसँग विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन एवम् विपद् स्वयंसेवक परिचालनका कार्यहरु समन्वयात्मक ढङ्गले सम्पादन गरिनेछ ।
- सार्वजनिक जग्गा तथा सम्पतीको पहिचान तथा संरक्षण गरिनेछ ।
- स्थानीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ ।
- प्राकृतिक विपदबाट हुने भौतिक तथा मानविय क्षतीलाई मध्यनजर गर्दै गाउँपालिकाले प्रदान गर्दै आएको राहतलाई निरन्तरता दिईने छ ।
- भू-उपयोग नीति निर्माण गरी गाउँपालिकाको सम्पूर्ण जग्गा जमिनलाई व्यवस्थित गरीनेछ ।

**सभाअध्यक्ष महोदय,**

प्रस्तुत नीति तथा कार्यक्रम तयारी गर्ने क्रममा सल्लाह सुझाव दिइ योगदान गर्नुहुने राजनैतिक दल, सभा सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी, नागरिक समाज, श्रमजीवीवर्ग, सञ्चारकर्मी, सामाजिक सञ्जाल, विकास साझेदार एवम् गैरसरकारी संघसंस्था लगायत आम बंगलाचुली बासीप्रति आभारी छु ।

यस गाउँपालिकाको समग्र विकास,सवृद्धी र सुशासनका लागि विभिन्न राजनीतिक दल,संघसंस्था,संचारमाध्यम,सामाजिकसंजाल र प्रवुद्ध क्षेत्रबाट लिखित मौखिक रुपमा आएका राय सल्लाह र सुझावलाई यथासिघ्र सम्बोधन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्न चाहान्छु । र आगामि दिनमा यी नीतिहरुको सफल कार्यान्वयनको लागि गाउँपालिकामा क्रियाशील राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्थाहरु, संचारकर्मी, नागरिक समाज लगायत सम्पूर्ण बंगलाचुलीबासी आमा–बुवा, दाजु–भाइ, दिदी–बहिनीहरुको रचनात्मक सल्लाह, सुझाव र सहयोगको अपेक्षा गरेको छु।गाउँपालिकालाई यहाँ सम्म ल्याई पुर्याउन हातेमालो गर्दै सहयोग गर्नुहुने सम्पूर्ण सरकारी तथा गैर सरकारी संघ संस्था, निजी क्षेत्र, समुदाय, सहयोगी हातहरु र सम्पूर्ण बंगलाचुली बासीहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु। अन्त्यमा, देश भित्र र बाहिर रहनुभएका सम्पूर्ण बंगलाचुली बासीहरु गाउँ विकासमा योगदान गर्नुहुनेछ भन्ने हार्दिक अपेक्षा सहित अनुरोध गर्दछु।

धन्यवाद !!

<u>प्रस्तुतकर्ता</u>
तुल्सीराम पुन मगर
गाउँपालिका अध्यक्ष

मिति २०८० असार ७ गते